बैठक - ४०

आज मिति २०७६/०७/०५ गते विहान ८ वजे सरावल गाउँकार्यपालिकाको वैठक कार्यपालिका अध्यक्ष श्री राधेश्याम चौधरी ज्युको अध्यक्षतामा एवं तपशिल वमोजिमको उपस्थितिमा वसी देहाय बमोजिमको निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| 1. | राधेश्याम चौधरी | अध्यक्ष | |
| 2. | श्री उत्तमा कुमारी राय | उपाध्यक्ष | |
| 3. | भेषनारायण चौधरी | सदस्य | |
| 4. | शम्भु प्रसाद चौधरी | सदस्य | |
| 5. | अणेन्द्रनाथ राय | सदस्य | |
| 6. | छोटेलाल यादव | सदस्य | |
| 7. | दिनेश सहानी | " | |
| 8. | कैलास यादव | " | |
| 9. | हयात खाँ धुनिया | " | |
| 10. | छिमादेबी चौधरी | " | |
| 11. | चन्दादेवी चौधरी | " | |
| 12. | जन्त्री केवटिन | " | जन्त्री |
| 13. | विन्दादेवी धोवी | " | बिन्दा |
| 14. | जोखु प्रसाद कहार | " | |
| 15. | श्री सुनिता हरिजन | " | सुनिता |
| 16. | श्री झविश्वर रेग्मी | " | |
| 17. | नारायण पाण्डेय | आमन्त्रित | |
| 18. | तुल्सी प्रसाद अधिकारी | " | |
| 19. | नरेश कोहार | " | |
| 20. | राजन वस्याल | " | |
| 21. | टंकनाथ ज्ञवाली | " | |
| 22. | | | |
| 23. | | | |
| 24. | | | |

## प्रस्ताव एवं निर्णय

प्रस्ताव नं. १ - एम्बुलेन्सको रकम अग्रिम भूक्तानी सम्बन्धमा

निर्णय नं. १ - प्रस्ताव नं. १ उपर छलफल गर्दा यस सरावल गा.पाको लागी एम्बुलेन्स खरिदको लागी वोलपत्र अव्हान भएकोमा स्विकृत भई सम्झौता समेत सम्पन्न भईसकेको सन्दर्भमा राजश्व छुटमा एम्बुलेन्स प्राप्त गर्नको निमित्त अग्रिम भुक्तानी भएमा मात्र आपुर्ति गर्न सक्ने भएकोले साथै गाउपालिकामा एम्बुलेन्सको खरिद गर्न स्थानियवाट दवाव आईरहेकोले रकम अग्रिम रुपमा भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. २ - समपुरक र विशेष अनुदानको रकम राष्ट्रिय योजना आयोगमा माग गरी पठाउने सम्वन्धमा ।

निर्णय नं. २ -प्रस्ताव नं. २ उपर छलफल गर्दा यस सरावल गा.पा को लागी संघिय सरकारवाट वितरण हुने समपुरक र विशेष अनुदान प्राप्तीको लागी राष्ट्रिय योजना आयोगवाट आयोजना माग भई आएकोमा यस गा.पाको को तर्फवाट तपशिलको आयोजना माग गरी पठाउने निर्णय गरियो ।

### तपशिल

१. महेशपुर पंचनगर रोड देखी गोव्रहिया भुजहवा सडक कालोपत्रे
२. भिमटाडी श्रीनगर हुदै सरावल जोड्ने सडक कालोपत्रे

प्रस्ताव नं. ३ - हेलिप्याड निर्माण सम्वन्धमा

निर्णय नं. ३ -विपदको समयमा उद्दार एवं राहत वितरण सहज पर्ने हेतुले जिल्ला प्रशासन कार्यालय परासीमा बसेको जिल्ला सुरक्षा समितिको वैठकले प्रत्येक गाउपालिका र नगरपालिकामा हेलिप्याड निर्माण गर्न उपयुक्त व्यवस्था गर्ने निर्णय भएकोमा यस गा.पाको लागी वडा नं. ६ मा निर्माण गर्ने र सोको लागी उपयुक्त जग्गा छनौट गरी आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ - रकम विनियोजन सम्वन्धमा

निर्णय नं. ४ - प्रस्ताव नं. ४ उपर छलफल गर्दा सरावल गा.पा वार्ड नं. ७ मा गठित नवदुर्गा युवा क्लवले क्रिकेट प्रतियोगिता सञ्चालनको लागी प्रस्तावना सहित रकम माग गरेकोमा सो खेल सञ्चालनको लागी यस गा.पाको २०७६/०७७ वार्षिक स्विकृत कार्यक्रमको खेलकुद विकास कार्यक्रम शिर्षकवाट खर्चवाट खर्च हुने गरी रु १ लाख विनियोजन गर्ने साथै सोही शिर्षकवाट खर्च हुने गरी सरावल गा.पा वार्ड नं. १ रजहवामा भलिवल प्रतियोगिताको लागी विनियोजन गरिएको रु ५० हजार अनुमोदन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ - पकेट क्षेत्र स्थान छनौट सम्वन्धमा

निर्णय नं. ५ - प्रस्ताव नं. ५ उपर छलफल गर्दा यस सरावल गा.पा को कृषि उत्पादन वढाई कृषकह जिवनस्तर उकास्नको लागी तपशिलको वडालाई देहायको कृषि उपजको पकेट क्षेत्र निर्धारण गर्न सोही अनुसार कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

तपशिल

| पकेट कार्यक्रम सञ्चालन हुने वडा | कृषि उपज |
|---|---|
| वडा नं. १ | आलु |
| वडा नं. २ | च्याउ |
| वडा नं. ३ | च्याउ |
| वडा नं. ४ | |
| वडा नं. ५ | प्याज |
| वडा नं. ६ | आलु |
| वडा नं. ७ | आलु |

प्रस्ताव नं. ६ - अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय कार्यान्वयन सम्वन्धमा

निर्णय नं. ६ - प्रस्ताव नं. ६ उपर छलफल गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७६/०६/०२ को निर्णय वैठकमा जानकारी गराईयो । निर्णयमा उल्लेख भएअनुरुप प्राविधिकरुपले जटिल प्रकैरिका निर्माण कार्य ,जटिल किसिमका उणस्तर परिक्षण गर्नु पर्ने,Heavy machines प्रयोग गर्नुपर्ने ,जनसहभागित जुट्न नसक्ने ,निर्माण पश्चात मर्मत सम्भार उपभोक्ता समितिवाट हुन नसक्ने ,निर्माण कार्य सम्पन्न भइसकेपछी उपभोक्ता समितिमा योजना हस्तान्तरण गर्न नसक्ने जस्ता कार्यहरु गराउदा उपभोक्ता समितिवाट नगराई प्रचलित कानुनवमोजिम खुल्ला बोलपत्र आव्हान गरी निर्माण गर्ने/गराउने निर्णय गरियो ।

प्रस्ताव नं. ७ - स्वास्थ्य स्वयंसेविकालाई अवकास रकम प्रदान गर्ने सम्वन्धमा

निर्णय नं. ७ - प्रस्ताव नं. ७ उपर छलफल गर्दा यस सरावल गा.पा वार्ड नं. ६ मा कार्यरत स्वयंसेविका रामी थारुनीले अवकासको लागी राजिनामा पेश गरि स्विकृत भइसकेको सन्दर्भमा निजले आफू सेवामा रहदाको समयमा साविक गा.वि.स तथा हालको गाउपालिकालाई गरेको सेवाको उच्च मुल्यांकन गर्दै निजलाई सम्मानस्वरुप रु ४०,००० (अक्षरुपी रु चालिस हजार मात्र) जसमा संघिय सरकारवाट प्राप्त हुने रकम रु २० हजार र यस गा.पाको वार्षिक स्विकृत कार्यक्रमको उपयुक्त शिर्षकवाट खर्च हुने गरी रु २० हजार भुक्तानी दिने निर्णय गरियो ।

प्रस्ताव नं. ८ - कृषकहरुलाई राहत सम्बन्धमा

निर्णय नं. ८ प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस वर्ष मौसम अनुकुल नभई कृषकले लगाएको धानवाली राम्रो उत्पादन नभएको साथै थोरै भएको उत्पादनमा समेत किराले काटी नोक्सान गरेको हुनाले के कती क्षती पुगेको छ । कृषि शाखा मार्फत तथ्यांक संकलन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ - उपभोक्ता समिति गठन कार्यविधि संशोधन सम्वन्धमा

निर्णय नं. ९ - प्रस्ताव नं. ९ उपर छलफल गर्दा यस सारावल गाउँ कार्यापलिकाद्वारा स्विकृत उपभोक्ता समिति गठन कार्यविधिमा उपभोक्ता समितिले २०% सम्म लागत सहभागिता जनाउनुपर्ने उल्लेख भएपनी सोको सट्टा यस आ.व को सम्पुर्ण योजना कार्यान्वयनमा उपभोक्ता समितिले कार्य गर्दा अनिवार्य १०% लागत सहभागीता जनाउनुपर्ने गरी संशोधन गर्ने निर्णय गरियो ।